प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
Council for Technical Education and Vocational Training

# कोरिया नेपाल बहुप्राविधिक शिक्षालय

तामनगर, रुपन्देही

## Korea Nepal Polytechnic Institute (KNPI)

पत्र संख्या (L.N.): ०७९/०८०
चलानी नम्बर (D.N.): ९१५

मिति (Date): २०७९/०५/३१

विषय: सहयोग गरिदिने बारे ।

श्री सम्पूर्ण उपमहानगर/नगर/गाउंपालिकाका कार्यालय,
लुम्बिनी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा बुटवल उपमहानगरपालिका वडा नं. १२, तामनगरमा अवस्थित यस कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)को आंगिक संस्था रहेको व्यहोरा अनुरोध छ । रुपन्देही जिल्ला आसपासका क्षेत्रहरुका माध्यमिक शिक्षा उत्तीर्ण विद्यार्थीहरुलाई तीन वर्षको डिप्लोमा तहका कार्यक्रम र विद्यालय शिक्षाबाट बञ्चित भएका वा विद्यालय शिक्षा छोडेका वा माध्यमिक शिक्षा पूरा गर्न नसकेका बेरोजगार युवायुवतीलाई विभिन्न तहका छोटो अवधीका व्यावसायिक तालीम कार्यक्रम मार्फत सीपयुक्त बनाई रोजगारी वा स्वरोजगारीका अवसर सिर्जना गरेर व्यक्ति, परिवार, समाज हुदै समग्र राष्ट्रको आर्थिक सम्वृद्धीमा टेवा पुर्याउने अभिप्रायले दक्षिण कोरिया सरकारको सहयोगमा वि.सं. २०६९ सालमा स्थापित यस शिक्षालयले हाल Diploma in Automobile Engineering, Diploma in Mechanical Engineering, Diploma in Electrical and Electronics Engineering, Diploma in Refrigeration and Air Conditioning Engineering र Diploma in Information Technology गरेर पांच (५) वटा कार्यक्रममा तीन (३) वर्षको डिप्लोमा तहका कार्यक्रमहरु सञ्चालन गर्दछ । यी कार्यक्रमका अलावा समय र श्रम बजारको माग अनुसार शिक्षालयले विभिन्न कार्यक्रम र व्यावसायका छोटो अवधीका तालीम कार्यक्रमहरु समेत सञ्चालन गर्ने गर्दछ ।

क्रमस:

भूमिकास्थान नगरपालिका
नुवाकोट, अर्घाखाँची
दर्ता नं. १२६६
२०७९।६।१

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
Council for Technical Education and Vocational Training

# कोरिया नेपाल बहुप्राविधिक शिक्षालय

तामनगर, रुपन्देही

## Korea Nepal Polytechnic Institute (KNPI)

शैक्षिक सत्र २०७९/८० मा शिक्षालयले १६ वर्ष उमेर पूरा गरेका बेरोजगार युवायुवतिलाई लक्षित गरी तपसीलमा उल्लेखित ५ (पांच) वटा व्यावसायमा छोटो अवधीको तालीम कार्यक्रम सञ्चालन गर्न लागिरेहेको छ । तसर्थ त्यस स्थानीय तह र अन्तर्गतका वडामा रहेका १६ वर्ष उमेर पूरा भई नागरिकता बनेका युवायुवती समक्ष यो सूचना पुगोस भनेर यसै पत्रसाथ संलग्न सूचना त्यस स्थानीय तहको आधिकारिक फेसबुक पेजमा समेत शेयर गरिदिई प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम कार्यक्रमको विकास, विस्तार र पहुंचमा आवश्यक सहयोग गरिदिनुहुन अनुरोध छ ।

*सहयोगको लागि धेरै धन्यवाद छ ।*

.......................

नविन किशोर गैह्रे

का.मु. शिक्षालय प्रमुख

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद
## कोरिया नेपाल बहुप्राविधिक शिक्षालय

बुटवल- १२, तामनगर, रुपन्देही

प्रथम पटक प्रकाशित मिति: २०७९/०५/२८

# नि:शुल्क छोटो अवधिको तालिम आवेदन फाराम भर्ने सम्बन्धी सूचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आँगिक संस्था कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, बुटवल १२, तामनगर, रुपन्देहीमा तल उल्लेखित व्यावसायमा छोटो अवधी (३९० घण्टा, तह १) को निशुल्क सीप विकास तालीम सञ्चालन गर्न लागिएकोले देहायका योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन (२०७९/०६/११, मंगलबार) कार्यालय समयसम्ममा तालीम आवेदन फाराम भर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### नि:शुल्क सञ्चालन गरिने तालिमहरू:

- बिल्डिङ्ग इलेक्ट्रिसीयन (**Building Electrician**)
- लाइट भेहिकल मेकानिक (**Light Vehicle Mechanic**)
- लेथ सेटर अपरेटर (**Lathe Setter Operator**)
- रेफ एण्ड एसी जुनियर मेकानिक (**Ref and AC Junior Mechanic**)
- जुनियर कम्प्युटर हार्डवेयर टेक्निसियन (**Junior Computer Hardware Technician**)

### तालिममा सहभागी हुन आवश्यक पर्ने योग्यता:

- सम्बन्धित तालिमको लागि तोकिए अनुसारको शैक्षिक योग्यता
- कम्तिमा १६ वर्ष उमेर पुगी नागरिकताको प्रमाणपत्र बनेको
- एक समूहमा २० जना प्रशिक्षार्थी पुगेपछि मात्र तालीम सञ्चालन गरिने छ ।

### तालिमका विशेषताहरू:

- नि:शुल्क तालिम
- खाजाको व्यवस्था

### फारामसाथ संलग्न गर्नुपर्ने कागजात:

नेपाली नागरिकताको प्रतिलिपि -१ प्रति

हालसालै खिचिएको पासपोर्ट साइजको फोटो -२ प्रति

विस्तृत जानकारीका लागि: कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, बुटवल १२, तामनगर को फोन नं. ०७१४५०००४ वा मोबाइल नं. ९८५७०७०७५४ वा तालीम संयोजकको मोबाइल नं. ९८४७५९१२८७ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

शिक्षालय प्रमुख